बर्ष १४ अंक २५१ २०७९ कात्तिक २३ गते बुधबार TANAHUN UDGHOSH DAILY November 09, 2022 मुल्य रु.५ पृष्ठ संख्या ४

निष्पक्ष खबरहरुको संगालो

# तनहुँ उद्घोष

राष्ट्रिय दैनिक

THE TANAHUN UDGHOSH NATIONAL DAILY




## गठबन्धनलाई जिताई छाड्ने आँबुखैरेनीका तरुणको प्रतिवद्धता

**उद्घोष सम्वाददाता**
**दमौली, २२ कात्तिक ।**

आँबुखैरेनी गाउँपालिकाका तरुणले मंसिर ४ गते हुने निर्वाचनमा गठबन्धनमा आवद्ध दलका उम्मेदवारलाई जिताएरै छाड्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल तरुण दलमा आवद्ध उनीहरुले मंगलबार नेपाली कांग्रेसले गरेको आधिकारिक निर्णय नै आफूहरुको निर्णय हुने भएकोले गठबन्धनलाई जिताएरै छाड्ने बताएका हुन् ।

आँबुखैरेनी गाउँपालिकास्थित तरुण दलको आयोजनामा भएको निर्वाचन विशेष कार्यक्रमलाई सम्बोधन गर्दै आँबुखैरेनी गाउँपालिकाका निवर्तमान अध्यक्ष तथा कांग्रेस नेता गिरबहादुर थापाले मुलुकलाई स्थायित्व र दिगो विकासतर्फ लैजाने उद्धेश्यका साथ गरिएको गठबन्धनलाई सबै मतदाताले साथ दिनुपर्ने बताए । मुलुकलाई समस्या र संकटको समयमा जहिल्यै निकास दिने पार्टी नै नेपाली कांग्रेस भएकोले पार्टीको विचारलाई घरदैलोमा लैजाने दायित्व पनि तरुणको भएको बताए ।



कार्यक्रममा सम्बोधन गर्दै नेपाल तरुण दल तनहुँका कार्यबाहक अध्यक्ष हिरा थापाले तरुण दल पार्टीको एक अभिन्न हिस्सा भएकोले पार्टीको हरेक निर्णयलाई सफल गराउने दायित्व तरुण दलका युवाको भएको बताए । गठबन्धन राष्ट्रिय आवश्यकता भएकोले विना संकोच गठबन्धनको पक्षमा उभिन उनले सबैलाई आग्रह गरे ।

'पार्टीको हरेक निर्णयलाई आम मतदातामाझ लैजाने र विजयी गराउने दायित्व तरुण कै काँधमा छ,' कार्यवाहक अध्यक्ष थापाले भने, 'त्यसैले अब पार्टीले लिएको अभियानमा तरुण जुट्न आवश्यक छ ।'

निर्वाचनमा योग्य उम्मेदवारलाई विजयी गराउने दायित्व पनि सचेत तरुणकै भएकोले गठबन्धनको पक्षमा घरदैलोमा सरिक हुन समेत थापाले तरुणलाई आग्रह गरे ।

गठबन्धनलाई कमजोर पार्ने काम गरिए एमालेको निरंकुशता मुलुकमा हावी हुने र मुलुक पछि पर्नेतर्फ सबै सचेत हुनुपर्नेमा उनले जोड दिए । जिल्लाका १० वटै पालिकाका सयौं युवा संगठित गरी निर्वाचनमा गठबन्धनको पक्षमा जनलहर सृजना गर्ने कार्यमा आफू जुटी रहेको का.व अध्यक्ष थापाले जानकारी दिए । उनले कुनै पनि संगठनमा कुशल व्यवस्थापन र आर्थिक पारदर्शीता अपरिहार्य रहेको पटक पटक दोहोर्‍याए ।

कार्यक्रममा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष विजय गुरुङले आफूहरु सयौं तरुण संगठित भई घरदैलो अभियानमा जुटी सकेकोले गठबन्धनलाई कसैले हराउन नसक्ने बताए ।

कार्यक्रममा तरुण दल व्यास नगर सदस्य सुवोध वाग्ले, तरुण दल बन्दिपुरका अध्यक्ष शिशिर थापा, तरुण दल आँबुखैरेनीका सचिव जयबहादुर गुरुङ लगायतले गठबन्धनका उम्मेदवारलाई जिताउन आफूहरु सकृय रहने प्रतिवद्धता व्यक्त गरेका थिए । कार्यक्रममा आँबुखैरेनी गाउँपालिकाका करिव ८० तरुण सहभागी थिए ।

## विकास र समृद्धिका लागि एमालेलाई भोट दिनुहोसः एकबहादुर राना

**उद्घोष सम्वाददाता**
**दमौली , २३ कात्तिक ।**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) तनहुँ, क्षेत्र नं १ का उम्मेदवार एक बहादुर रानाले विकास र समृद्धिका लागि एमालेलाई भोट दिन आग्रह गरेका छन् । आफुले जनताको समस्यालाई मुल्यांकन गर्नुहुनेछ,' रानाले भने ।

'चुनावी प्रचारको सिलसिलामा जनताको घरदैलोमा भोट माग्ने क्रममा रानाले सो कुरा बताएका हुन् । राजनितीको विभिन्न कालखण्डमा सधै जनतासँगै छु । यो क्षेत्रवाट विभिन्न व्यक्तिहरुले चुनाव



नजिकबाट नियालेको बताए ।

४ दशक देखि राजनितिमा लागेर जनताको समस्यालाई बुझेको छु । नवनिर्वाचित जनप्रतिनिधीवाट जनताको समस्या सम्वोधन हुन सकेन । अत जनताले मलाई न्याय गर्नुहुनेछ भन्ने आशा गरेको छु, रानाले भने ।

आफु सधै जनताको समिपमा भएर पनि अवसर नपाएर काम गर्न नपाएको हुदाँ अवको निर्वाचनवाट न्याय दिन समेत रानाले अनुरोध गरे । 'पार्टीले टिकट दिएपनि जितको अवसर नपाँउदा विकास निर्माण र जनताको समस्या समाधान गर्न सकिएन । सधै राजनिती र जनताको लागि जीवन व्यतित गरेको छु । अवश्य पनि जितेर जानुभयो, तर जनता र विकास प्रति उत्तरदायी हुनुभएन । तसर्थ विकास र समृद्धीको लागी नेकपा एमालेले विजयी गराउनुहोस, एमालेले जनताको समस्या समाधान गर्दछ,' रानाले भने ।

नेकपा एमालेले राष्ट्रियताको मुद्धा, जनजिविका, विदेश सँगको सम्वन्ध र विकास निर्माणमा महत्वपुर्ण भुमिका खेलेको छ । देश र जनताको सर्वाङ्गिण विकासको लागी नेकपा (एमाले) को विकल्प छैन । समाज र देश परिवर्तनका लागी एमालेलाई जिताउनुहोस, रानाले भने ।

चुनावी दौरानको अवसरमा एकवहादुर राना क्षेत्रका विभिन्न वडा, टोल र क्षेत्रमा चुनावी अभियानमा जुटेका छन् ।

## नेता सिग्देलको पहलमा खानेपानी आयोजनामा वजेट विनियोजन

**उद्घोष सम्वाददाता**
**तनहुँ , २२ कात्तिक ।**

प्रतिनिधीसभाका निवर्तमान सासंद केदार सिग्देलको पहलमा तनहुँ क्षेत्र नं २ मा नेपाल सरकारवाट खानेपानी आयोजनामा ६ करोड वढि रकम वजेट विनियोजन भएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले) तनहुँ क्षेत्र नं २ (ख) का उम्मेदवार समेत रहेका केदार सिग्देल जिल्लामा सरल, कुशल संगठक, स्पष्ट दृष्टिकोण र जनप्रिय नेताका रुपमा परिचित छन् ।

विकास निर्माण अन्तर्गत विभिन्न शिर्षक मध्ये नि. सासंद सिग्देलले खानेपानी आयोजनामा मात्र ६ करोड भन्दा वढि रकम विनियोजन गरेका थिए । जसमध्ये भिमाद खानेपानी आयोजनाका लागी १० करोड, गड्यौलीटार लिफिटिङ्ग खानेपानी आयेजनामा ३० लाख, नयाँटार वन्टार खानेपानी आयोजनामा १५ लाख, ढाक्रेखोला सिरकोट खानेपानी योजनामा २० लाख, दुस्साही खानेपानी आयोजनामा १५ लाख, घयाँछाप खानेपानी योजना घिरिङमा ४३ लाख, धनुङ खानेपानी योजनामा ४९ लाख विनियोजन भएको थियो ।

सोलुङ्ग लिफटिङ्ग खानेपानी योजना रिषिङ्गमा ५० लाख, शिरकोट वोरिङ लिफटिङ्ग योजनामा ५० लाख, गजरकोट खानेपानी योजना अत्रोलीमा ७० लाख, टुकमराङ्ग खानेपानी भानुमतिमा १३ लाख ९४ हजार, देउली भित्रीवारी खानेपानीमा ३८ लाख, पोखरीछाप खानेपानी घिरिङमा ३८ लाख, भिमाद मालेवगर ढल निर्माणमा २६ लाख, किहुँ खानेपानी योजनामा १४ लाख ३१ हजार, वरनडाँडा खानेपानी योजनामा १५ लाख ८८ हजार विनियोजन भएको थियो ।

रजिडाँडा खानेपानी योजनामा १० लाख ३७ हजार, टेकेलहरे खानेपानी योजनामा ८ लाख ७९ हजार, गोरडाँडा सतिकोट खानेपानीमा ११ लाख ९४ हजार, गोठादी खानेपानी योजना ऋषिङमा ८ लाख, डाँडाखुदी गैराखुदी खानेपानी योजना ऋषिङमा ८ लाख ७९ हजार, आधामारा लिफिटङ्ग खानेपानी भिमाद १ मा २ लाख, पृथ्वीटोल खानेपानी योजना झापुटारमा २ लाख, धारुभन्ज्याङ खानेपानी ऋषिङमा २ लाख, पल्टयाङ लिफटिङ खानेपानीमा २ लाख र वुरियाटार खरखरे खानेपानी योजना भिमाद ५ मा २ लाख वजेट विनियोजन भएर योजनाहरु सम्पन्न भएका थिए ।



**सिटी जनरल हस्पिटलको सुचना !!!**

व्यास-३, दमौली (राष्ट्रिय वाणिज्य बैक आडैमा)
फोन नं.: ०६५-५९०२२०/९८६६६७३०४८

**यस हस्पिटलले दमौलीमा डेगुं रोगको महामारी फैलिरहेको अवस्थामा बिरामीहरुलाई सस्तो, शुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै निम्न सुविधाहरु ल्याइएको जानकारी गराउदछौ ।**

१) २४ सै घण्टा विशेष अनुभवी विशिष्ट फिजिसियन डा.किरण सोतीद्धारा बिरामी जाँच गरिने (MBBS, MD-INTERNAL MEDICINE)




२) बिरामी जाँचको टिकट रु.३०० मात्र


३) डेगुं जाँच गरेको मात्र रु १०००

४) सम्पूर्ण ल्याब परीक्षणमा १५ प्रतिशत छुट

५) ब्ऋ सहितको म्भगिहभ ध्बचम को बेड शुल्क रु.५०० मात्र

६) औषधीहरुमा विशेष छुटको व्यवस्था

**यो सेवा सुविधा यही कार्तिक १५ गते देखि मंसिर ३ गते सम्म लागु हुनेछ ।**



निष्पक्ष खबरको संवाहनी
तनहुँ उद्घोष
राष्ट्रिय दैनिक

# सम्पादकीय

## समाज र सदाचार

नैतिक शब्दको अर्थ सुविचारशील, सद्विचार, सद्भाव वा सदाचारको नियम भन्ने हुन्छ। नैतिकता भनेको नीतिसहितको व्यवहार आउनु हो। हाम्रो समाजका हरेक क्षेत्रमा नैतिकताको ठूलो अभाव छ। नैतिक व्यवहारको अभावमा समाजमा सद्भाव र सुविचारको कमी हुँदै गएको अवस्था अनुभूति भएको छ। देशको समृद्वीका लागि आम नागरिकहरू अनुशासित, मर्यादित, कर्मशील तथा कर्तव्यनिष्ठ हुन आवश्यक हुन्छ। समाजका व्यक्ति, व्यक्तित्व तथा राज्यका हरेक निकायमा अनुशासन, जवाफदेहिता, पारदर्शिता, जिम्मेवारीबोधका लागि नैतिक शिक्षा आवश्यक छ।

साामिजक सद्भाव र देश विकासका लागि समाजका हरेक नागरिकहरू अनुशासित, मर्यादित, कर्मशील तथा कर्तव्यनिष्ठ हुन आवश्यक छ। यसर्थ समाजका व्यक्ति, व्यक्तित्व तथा राज्यका हरेक निकायमा अनुशासन, जवाफदेहिता, पारदर्शिता र जिम्मेवारीबोधका लागि नैतिक शिक्षा आवश्यक छ। नैतिक शिक्षाले व्यक्तिलाई जन्म दिने माता, पिता र शिक्षा दिने गुरुजन र समाजका मान्यजनहरूको आदेश र उपदेशलाई शिरोधार्य गर्न सक्ने सकारात्मक सोचको विकास गर्न सहयोग गर्दछ। ठूलालाई इज्जत, सानालाई माया, सहिष्णु आचरण, लोककल्याणकारी चिन्तनको विकासमा नैतिक शिक्षाको ठूलो भूमिका हुन्छ। आफ्नो भाषा, संस्कृति, धर्म, परम्परागत सामाजिक मूल्य र मान्यताप्रतिको सकारात्मक सोचको विकास गराउन तथा समाजमा रहेका भिन्न धार्मिक एवं सांस्कृतिक सम्प्रदायका मूल्य र मान्यताप्रति सहानुभूति राख्न सक्ने चिन्तनका दायराहरू फराकिलो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ। हाम्रो समाज पूर्वीय मूल्य र मान्यताबाट प्रशिक्षित छ। वैदिक कालमा शिक्षाको सम्पूर्ण गतिविधि गुरुमा निहित थियो। गुरु र ऋषिमुनि समाजका नेतृत्व वर्ग मानिन्थे। समाजमा नैतिक व्यवहार एवं आत्मअनुशासन उच्च थियो। समयको विकाससँगै शिक्षा ऋषिकुल, देवकुल, पितृकुल, राजकुल र गुरुकुल हुँदै विद्यालय शिक्षाको अवस्थामा आइपुग्दा शिक्षामा नैतिकता, जनहितकारी संस्कार र कर्तव्यबोधजस्ता मानवीय गुणहरूको सिकाइ कमजोर बन्दै गएको अग्रज पुस्ताको ठम्याइ छ। यस सन्दर्भमा व्यक्ति तथा समाजलाई आदर्शवान बनाउन नैतिक शिक्षाको विषयवस्तुलाई घर, परिवार तथा शिक्षण संस्थाहरूले महत्त्व दिन आवश्यक ठानिन्छ।

नैतिक शिक्षाको कमीले अहिले समाजमा अपराधीकरण बढ्दै गइरहेको छ। साइबर अपराध, मादक पदार्थ दुर्व्यसनी, धु्रमपानजस्ता कुलतमा लाग्ने बालबालिकाको संख्यामा व्यापक वृद्धि भइरहेको तथ्यांक छ। त्यसैले, समाजका बालबालिकालाई कुलत र जोखिमबाट जोगाउन उचित मार्गनिर्देश गर्ने प्राथमिक दायित्व अभिभावक, समुदाय तथा शिक्षालयहरूको हो। व्यक्तिलाई अनुशासित, मर्यादित, सहिष्णु, कर्तव्यनिष्ठ, परोपकारी तथा सांस्कारिक बनाउनका लागि घर, परिवार, शैक्षिक संस्थालगायत राज्य गम्भीर हुन आवश्यक छ।

## पाठकहरूमा अनुरोध

**तनहुँ उद्घोष** दैनिकका लागि विचारोत्तेजक लेख रचना उपलब्ध गराउनुहुन साथै **तनहुँ उद्घोष दैनिक** तपाईलाई कस्तो लाग्यो ? टिप्पणी तथा पाठक प्रतिक्रिया पठाउनको लागि अनुरोध गर्दछौं।

**प्रतिक्रिया र सुझावको लागि तनहुँ उद्घोष दैनिकको कार्यालयमा ब्यास-०२ प्रशासन चोक वा**

*Email-udghoshdaily@gmail.com*

*poudelujwal@gmail.com* मा **पठाउन सक्नुहुने छ।**

# घोषणापत्रमा जलवायु परिवर्तन : पहिलोपल्ट स्पष्ट प्रतिबद्धता

दिवाकर प्याकुरेल

तपाईंलाई लाग्ला दलहरूका चुनावी घोषणापत्रले सर्वसाधारण मात्र नभई विज्ञहरूलाई पनि छुन छाडेको जुगौं भइसक्यो। तर यसै हप्ता इजिप्टमा सुरु भएको जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप २७) मा सहभागी हुने सरकारी टोलीकै एक सदस्यका रूपमा सामएलसेख पुगिसकेका जलवायु परिवर्तन विज्ञ विमल रेग्मीले सम्मेलनको चटारोमाझ मुख्य पार्टीका घोषणापत्र आद्योपान्त पढे। पार्टीहरूले चुनावी वाचा पूरा गर्छन् भन्ने विश्वास त उनलाई पनि छैन, तर पनि उनलाई समय खेर गएजस्तो लागेन।

'जलवायु परिवर्तनले उत्साहजनक भन्न नमिले पनि सन्तोषजनक ठाउँ पाएछ' सामएलसेखबाट टेलिफोन कुराकानीमा रेग्मीले भने, 'पहिला जलवायु परिवर्तन वा जलवायु शब्दै भेट्न मुश्किल हुन्थ्यो, वातावरण वा यस्तै केही शीर्षकमा जलवायुका मुद्दाको खिचडी पकाइन्थ्यो। अहिले चाहिं जलवायु परिवर्तनको समस्यालाई स्पष्ट रूपमा पहिचान गरिएको छ।'

हुन पनि पाँच वर्ष अगाडिको संसदीय चुनावमा तीन ठूला पार्टीका दुई घोषणापत्रमा 'जलवायु' शब्द खोज्दा खोज्ने मान्छे नै हराउलाजस्तो अवस्था थियो। २०७४ को चुनाव जितेको (नेकपा-एमाले र नेकपा-माओवादी केन्द्र) वाम गठबन्धनको घोषणापत्रमा 'प्राकृतिक सम्पदा र वातावरणको रक्षा' शीर्षकमा एक ठाउँमा 'जलवायु' शब्द परेको छ। नेपाली कांग्रेसको त्यस बेलाको घोषणापत्रमा 'जलवायु परिवर्तन' 'वातावरण संरक्षण'सँगै विषयवस्तुको शीर्षकमै अटाए पनि मापनयोग्य लक्ष्य केही पनि छैनन्। तर यस पालि भने उनीहरूले जलवायुको मुद्दालाई पहिलेको तुलनामा निकै भाउ दिएका छन्। एमाले र कांग्रेसले वातावरणसँग जोडेरै भए पनि जलवायुलाई विषयवस्तुको शीर्षकमै समेटेका मात्रै छैनन्, केही स्पष्ट लक्ष्य पनि निर्धारण गरेका छन्।

माओवादीको घोषणापत्रमा जलवायु शब्द शीर्षकमा त परेको छैन, तर 'वातावरण संरक्षण र विपद् व्यवस्थापन' अन्तर्गत जलवायु परिवर्तनका काफी कुरा गरिएका छन्। अरू त अरू, माओवादी केन्द्रको घोषणापत्रमा चुनावभन्दा अगाडि नै सकिने कोप २७ मा उठाइने एजेन्डाको समेत चर्चा छ। साना भनिएका दलहरूले समेत जलवायु परिवर्तनलाई कतै न कतै अटाएका छन्। 'हुन त मलाई घोषणापत्रमा विश्वास लाग्दैन र उनीहरूले लेख्ने वा भन्ने र गर्ने कुराको तारतम्य पनि छैन' जलवायु अभियन्ता राजु पण्डित क्षेत्री भन्छन्, 'तर त्यसलाई छाड्ने हो भने लेखिएका बुँदा नराम्रा चाहिं छैनन्।' क्षेत्रीको यस भनाइसँग जलवायु परिवर्तनका अन्य सरोकारवाला पनि सहमत छन्। अब पर्खाइ छ, कार्यान्वयनको।

### *ठूला पार्टीका ठूलै कुरा*

ठूला दलहरूले जलवायु परिवर्तनलाई वन संरक्षण, स्वच्छ ऊर्जा, प्रदूषण नियन्त्रण र विपद् व्यवस्थापनसँग जोडेका छन्। नेपालको सन्दर्भमा जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण र अनुकूलनको मुख्य चुनौती आर्थिक स्रोत-साधनको व्यवस्थापन भएको हुँदा त्यसमा पनि उनीहरूले केही शब्द खर्च गरेका छन्। एमालेले अवधि नतोकी नेपालमा वन क्षेत्रको हिस्सा ४५ प्रतिशत बनाउने रणनीति तय गरी काम गर्ने लेखेको छ। यस अर्थमा, प्रधानमन्त्री शेरबहादुर देउवाले गत वर्षको कोप २६ मा सन् २०३० सम्म नेपालले वन क्षेत्रको हिस्सा ४५ प्रतिशतमा बढाउने गरी गरेको घोषणालाई प्रमुख प्रतिपक्षी दलले अनुमोदन गरेको देखिन्छ।




हुन त आगामी सरकारको नेतृत्व गर्ने लक्ष्यका साथ चुनावमा होमिने कुनै पनि दलका लागि अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो देशको सरकारले गरेको वाचामा प्रश्न उठाउनु स्वाभाविक हुन सक्दैन। स्वयं देउवाको पार्टी कांग्रेसले भने आगामी पाँच वर्षमै वन क्षेत्रको हिस्सालाई ४७ प्रतिशत पुऱ्याउने महत्त्वाकांक्षा देखाएको छ। पोहोरको जलवायु सम्मेलनमा प्रधानमन्त्री देउवाको अर्को मुख्य घोषणा थियोः नेपाललाई सन् २०४५ सम्म कार्बनशून्य (नेटजिरो) बनाउने। यस विषयमा एमाले र माओवादी केही बोलेका छैनन् भने कांग्रेसले आगामी पाँच वर्षमा कार्बन शून्यतातर्फको यात्राका लागि 'हरित अर्थतन्त्र'को रोडम्याप प्रारम्भ गर्ने बताएको छ।

त्यसो त राष्ट्रिय पार्टीहरूमध्ये जलवायु परिवर्तनका लक्ष्यहरूलाई स्पष्ट र मापनयोग्य तरिकाले प्रस्तुत गर्नमा पनि कांग्रेस नै बढी बाठो देखिएको छ। सुरुका २० 'ग्यारेन्टी'बाहेक बाँकी विषयमा कुरा गर्न लामा अनुच्छेद खर्चिएको एमाले र नेपालका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको भेउ पाउन नसकेको जस्तो देखिने माओवादीका तुलनामा कांग्रेसको बुँदागत र संख्यात्मक प्रस्तुति खँदिलो देखिएको छ। उसले आगामी पाँच वर्षमा विद्युतीय सवारी साधन र चुलोको प्रयोगलाई ५० प्रतिशतमा पुऱ्याउने लक्ष्यसमेत राखेको छ।

'यी लक्ष्यहरू स्पष्ट मात्र होइन, राजनीतिक नेतृत्व प्रतिबद्ध रहने हो भने प्राप्त गर्न सकिने प्रकृतिका छन्', रेग्मी भन्छन्। जलविद्युत् र ऊर्जाका लागि छुट्टै शीर्षक खडा गरेको एमालेले विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने र कर छुट दिने कुरा धेरै ठाउँमा दोहोऱ्याए पनि त्यसलाई संख्यामा व्यक्त गर्न सकेको छैन। तर, विद्युतीय सवारी साधनलाई प्राथमिकता दिने कुरामा एमालेजति उदार अरू देखिएका छैनन्।

'विशेषतः शून्य कार्बन, विद्युतीय सवारी र जलवायुका दृष्टिकोणले स्मार्ट कृषि प्रणालीमा समग्र पार्टीहरूले सकारात्मक कुरा गरेका छन्' अभियन्ता क्षेत्री भन्छन्, 'यिनको कार्यान्वयन हुने हो भने पक्कै केही राम्रो हुन्छ।' विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन अर्को साझा मुद्दा भएको छ।

एमालेले विपद् जोखिम क्षेत्रहरूको पहिचान गरी नक्सांकन गर्नेदेखि रोकथाम योजना र विपद् भइसकेपछि गरिने उद्धार र पुनर्स्थापनाजस्ता अनिवार्य र नियमित कामलाई पनि घोषणापत्रमा प्राथमिकताका साथ राखेको छ। त्यसै गरी कांग्रेसले भूक्षय र बाढी रोक्नका लागि स्थानीय निर्माण सामग्री र प्रविधिमा जोड दिएको छ। माओवादीले पूर्वसूचना प्रणाली र विपद् व्यवस्थापनमा पर्याप्त स्रोत-साधन र कर्मचारी परिचालनको कुरा गरेको छ।

'हो, नेपालका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सधैं प्राथमिकतामा रहनुपर्छ। पार्टीहरूले पनि यसलाई बुझेजस्तो देखियो' जलवायु विज्ञ रेग्मी भन्छन्, 'तर यस सन्दर्भमा प्रायः प्रतिबद्धता परम्परागत प्रकृतिका छन्। तिनले रूपान्तरणमा खासै योगदान गर्न सक्दैनन्।'

उसो त माओवादी केन्द्रले कांग्रेस र एमाले दुवैले प्राथमिकतामा नराखेका तर महत्त्वपूर्ण हुन सक्ने विषयवस्तुलाई प्राथमिकतामा राखेको छ। उदाहरणका लागि उसले स्थानीयस्तरमा जलवायु अनुकूलनको अभ्यास गर्ने व्यक्ति तथा समूहलाई अनुदान र सहयोग दिने घोषणा गरेको छ। साथै, जलवायु वित्तलाई स्थानीय स्तरका क्रियाकलापहरूमा जोड्नुपर्ने विषयलाई उसले अन्य पार्टीहरूका तुलनामा प्राथमिकताका साथ उठाएको छ।

कांग्रेस र माओवादीका तुलनामा अर्को सत्ता घटक एकीकृत समाजवादी भने जलवायु परिवर्तनका मुद्दा उठाउन कमजोर देखिएको छ। उसले विपद् न्यूनीकरण र व्यवस्थापनसँगै उत्थानशीलताको कुरा उठाएको छ। प्राकृतिक स्रोत-साधनको उपयोग र संरक्षण सँगै हुनुपर्नेमा उसले जोड दिएको छ। जलवायु अनुकूलनका लागि अन्तरपालिका समन्वयलाई प्रोत्साहन गर्ने उसको घोषणा छ।

### *'बाठो लड्छ तीन बल्ड्याङ'*

जति नै स्पष्ट भए पनि केही महत्त्वपूर्ण सवालमा आम सरोकारवालाको भावना प्रतिनिधित्व गर्न मुख्य दलहरू चुकेका छन्। विश्व बैंकको १० करोड डलरको ऋण सम्झौताले नेपाली जलवायु सरोकारवालाहरू विभाजित रहेकै बेला र अधिकांश सरोकारवालाले नेपालले जलवायुसम्बन्धी कार्यक्रमका लागि ऋण लिनुहुन्न भनेर आवाज उठाइरहेका बेला कांग्रेसले जलवायु वित्तअन्तर्गत अनुदान र सहुलियतपूर्ण ऋण दुवैका लागि पहल गर्ने बताएको छ। विचारणीय पक्ष के छ भने सरकार स्वयंको चाहिँ जलवायुसम्बन्धी कुनै ऋण नलिने नीति छ।

'बरु उसले अलिकति अस्पष्टै सही, वित्तीय स्रोत मात्र भनिदिएको भए हुन्थ्यो' क्षेत्री भन्छन्, 'अर्को कुरा जलवायु वित्तका साधनहरू ऋण र अनुदान मात्र होइनन्। कि त उसले अन्य साधनहरूलाई पनि उल्लेख गर्न सक्नुपर्थ्यो।' जलवायु परिवर्तन र जलवायु वित्तलाई कूटनीतिक मुद्दा बनाउने अनि हिमाल र पर्वतीय क्षेत्रका मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्ने विषयमा ठूला दलहरू एकमत छन्। तर प्रायजसो विषयहरूमा स्पष्टताको अभाव रहेको भनाइ राख्छन् वन तथा वातावरण मन्त्रालयका जलवायु परिवर्तन महाशाखा प्रमुख बुद्धिसागर पौडेल।

'नेपालले अन्तर्राष्ट्रिय मञ्चमा उठाउँदै आएका हानि-नोक्सानी र क्षतिपूर्ति अनि जलवायु वित्तलगायतका सवालमा दिशा स्पष्ट नभएजस्तो देखियो। भोलि उहाँहरूले सरकार बनाउँदा आफ्ना नीति तथा कार्यक्रममा पनि घोषणापत्रलाई आधार मान्ने हुनाले आजै अझै बढी छलफल गरेको भए हुन्थ्यो', पौडेल भन्छन्। बठ्याइँले आलोचना कमाउनेमा माओवादी एक कदम अगाडि देखिएको छ। चुनाव हुनुभन्दा दुई दिनअगाडि नै सकिने जलवायु परिवर्तन सम्मेलनमा नेपालले पर्वतीय देशहरूको साझा रणनीति बनाउने पहल गर्नेछ भनेर उसले चुनावी घोषणापत्रमै लेखेको छ। जबकि घोषणापत्र सार्वजनिक हुँदानहुँदै नेपाली प्रतिनिधिमण्डलका अधिकांश सदस्य इजिप्ट पुगिसकेको कुरा उसले पत्तो पाएको छैन, न त समग्र नेपाललाई चुनाव लागेका बेला विश्वको अर्कै कुनामा भएको सम्मेलनमा नेपालको यसपालिको प्रतिनिधित्व कमजोर हुने विश्लेषणबारे उसले ख्याल राखेको छ।

जानकारी रहोस्, गठबन्धनमा गडबडी आएपछि वन तथा वातावरण मन्त्री प्रदीप यादवलाई सरकारबाट हटाएका प्रधानमन्त्री देउवाले सम्मेलनको नेतृत्व गर्दै महिला तथा बालबालिका मन्त्री उमा रेग्मीलाई सामएलसेख पठाएका छन्, तर उनी पनि कार्यक्रममा पूरा सहभागी नहुने प्रतिनिधिमण्डलबाट जानकारी प्राप्त

*बाँकी पृष्ठ ३ मा*

# संविधानको रक्षाका लागि गठबन्धन : प्रचण्ड

**काठमाडौं, २२ कात्तिक ।** नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानको रक्षाका लागि सत्ता गठबन्धन बनेको बताएका छन् । मंगलबार जुम्लामा आयोजित सत्ता गठबन्धनको कार्यक्रममा बोल्दै प्रचण्डले देश विकास र आर्थिक क्रान्ति गर्न विगतमा बाम गठबन्धन गरेर नेकपा बनाइएपनि केपी ओलीको रवैयाका कारण संविधाननै संकटमा परेको बताए।

'७० वर्ष लडेर ठुलो त्याग र बलिदानबाट ल्याएको संविधान कम्युनिष्ट पार्टीकै नेताका नामबाट च्यात्ने दुस्साहस गरियो', प्रचण्डले भने, 'प्रधानमन्त्रीको कुर्सीबाटै गरियो । संविधान मिचेर लोकतन्त्रका मूल्य मान्यतालाई ध्वस्त पार्न खोजियो । त्यसका विरुद्ध संघर्ष गर्नुपर्ने आवश्यकता आयो । त्यही क्रममा वर्तमान गठबन्धन बनेको हो।' प्रचण्डले



वर्तमान सत्ता गठबन्धनले बहुमतको सरकार बनाउनेमा कुनै दुई मत नरहेको बताए।

कार्यक्रममा कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले संविधान, लोकतन्त्र र गणतन्त्र मास्न कुचेष्टा गर्ने एमाले अध्यक्ष केपी शर्मा ओलीलाई जनतासामु गएर भोट माग्न राजनीतिक इमानदारिता नरहेको बताए। कार्यक्रममा प्रचण्ड र खड्कासहितका नेताहरूले गठबन्धनको पक्षमा भोट हाल्न आग्रह गरेका थिए। *(रातोपाटी)*

# विशेष अदालतको फैसलामा अख्तियार असन्तुष्ट, ४ महिनामा १२४ फैसला विरुद्ध पुनरावेदन

**काठमाडौं, २२ कात्तिक ।** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतका फैसलाहरुमा तीव्र असन्तुष्टी जनाएको छ । आयोगले २०७९ साउनयता १२४ वटा भ्रष्टाचार मुद्दाका फैसला विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेको छ। जब कि यो अवधिमा आयोगले करिव ४० वटामात्रै नयाँ मुद्दा दायर गरेको छ।

सर्वोच्च अदालतले डेढ वर्षअघि रंगेहात घुसका मुद्दामा अख्तियार आफैंले प्रमाणको सिर्जना गर्न नसक्ने व्याख्या गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियमावलीको नियम ३० खारेज गरेको थियो। त्यही आधार देखाउँदै अरु प्रमाण भएका मुद्दा समेत धमाधम खारेज भएको भनी आयोगले पुनरावेदनलाई प्राथमिकतामा राखेको हो।

मंगलबार अख्तियारले पत्रकार सम्मेलन नै गरेर नजीर, न्यायिक सिद्धान्त र सर्वोच्च अदालतले प्रतिपादन गरेका मान्यता विपरीत भएका फैसलाहरु विरुद्ध पुनरावेदन दिएको जनायो । आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले विशेष अदालतका कतिपय फैसलाहरु यसअघिका नजीर र न्यायिक मान्यतासँग बाझिएकाले पुनरावेदन दिने निर्णय भएको बताए । उनले भने, 'अख्तियारमा फैसला प्राप्त भएका अरु कैयौ मुद्दामा समेत पुरावेदन जाने तयारी छ।'

गत आर्थिक वर्षमा अख्तियारको सफलतादर दशककै कम थियो । रंगेहात मुद्दाका आधारमा अख्तियारले सफलता दर बढाउन पाएको थियो । सर्वोच्च अदालतको संवैधानिक इजलासको व्याख्यापछि अख्तियारले पुनरावेदन गरेका मुद्दामा प्रतिवादीको २५१ छ। यस अवधिमा करिव १८ वटा मुद्दामा पुनरावेदन नभएको र तीमध्ये अधिकांश मुद्दा नक्कली प्रमाणपत्रसँग सम्बन्धित रहेको भण्डारीले बताए। अख्तियारले १२४ वटा मुद्दामा करिव ४२ करोड १६ लाख रुपैयाँ विगो मागदाबी रहेको



एका अपवाद बाहेक रंगेहातका मुद्दा खारेज भएका छन् र अख्तियारको सफलता दर समेत ३८ प्रतिशतमा खुम्चिएको छ । 'रंगेहातकै कतिपय मुद्दाहरुमा अरु प्रमाण हुँदा हुँदै पनि विशेष अदालतले सफाइ दिएकोमा हामीलाई चित्त बुझ्नेन' प्रवक्ता भण्डारीले भने, 'अरु मुद्दाहरुमा भएका फैसलामा समेत कुनै न कुनै कैफियत देखेकाले आयोग पुनरावेदन गर्नुपर्ने निष्कर्षमा पुगेको हो।' पछिल्लो चार महिनाको अवधिका जनाएको छ।

अख्तियारले पप्पुको पुल, मालपोतको नक्कली जग्गाधनी विवाद, रंगेहात, शसस्त्र प्रहरी लगायतका विवाद जोडिएका मुद्दा पुनरावेदन भएको जनाएको छ। सिक्टा सिंचाइ लगायतका अरु केह चर्चित भ्रष्टाचार मुद्दामा भने फैसलाको पूर्णपाठ नआएको आयोगले जनाएको छ । कानूनतः फैसलाको पूर्णपाठ पाएको ५० दिनभित्र पुनरावेदनमा जानुपर्ने व्यवस्था छ। *(अनलाइनखबर)*




# घोषणापत्रमा...

भएको छ । 'चुनावी घोषणापत्रमा चुनावअगाडि नै सकिने, अनि नेपालले न्यून महत्त्व दिएको सम्मेलनलाई समेट्नु हास्यास्पद छ' एक विश्लेषक भन्छन्, 'यो त ' बाठो लड्छ तीन बल्ड्याङ' भनेजस्तो भयो ।

***साना दलका सपनामा जलवायु परिवर्तन***

यद्यपि ठूला पार्टीहरूले समग्रमा सकारात्मक प्रतिबद्धता ल्याएका छन् । क्षेत्री भन्छन्, 'ठूला पार्टीहरूले गरेपछि भोलि साना पार्टीहरूले पनि त्यही सिक्छन् । यस हिसाबले हेर्दा यी घोषणापत्रहरू कार्यान्वयन हुने हो भने यिनको दीर्घकालीन महत्व रहन्छ।'

सिक्न त साना दलहरूले आजै सिकिसके। रेग्मीको अध्ययनमा बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी र राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि समग्रमा सकारात्मक घोषणापत्र ल्याएका छन्। 'समाजवादीले जलवायु अनुकूलनलाई उच्च प्राथमिकतामा राखेको छ । त्यसका लागि अन्य मुलुकहरूसँग हातेमालो गर्ने कुरा पनि गरेको छ। राप्रपाले अनुकूलनसँगै प्रभाव न्यूनीकरणका उपाय पनि केलाएको छ' उनी भन्छन्, 'मुद्दा उठाउनमा कोहीभन्दा कोही कम देखिएको छैन ।' राप्रपाले पनि जलवायु परिवर्तनका लागि छुट्टै शीर्षक खडा गरेको छ । उसले विद्युतीय सवारीका लागि कर छुट मात्रै होइन, यसमार्फत व्यापार घाटा कम गर्ने लक्ष्य राखेको छ । साथै, जलवायु परिवर्तनबारे बजेटको ठूलो हिस्सा स्थानीय तहमै खर्च गर्ने प्रतिबद्धता जनाएको छ।

सम्भवतः जलवायुविद् अरनिको पाँडेले नै घोषणापत्र लेखनको नेतृत्व गरेकाले हुन सक्छ, रवि लामिछानेको राष्ट्रिय स्वतन्त्र पार्टीले पनि जलवायु परिवर्तनको मुद्दालाई प्राथमिकताका साथ प्रस्तुत गरेको छ । अन्य पार्टीहरूले स्पष्ट रूपमा समेट्न नसकेको जलवायु परिवर्तनबापत नेपालले अन्तर्राष्ट्रिय समुदायबाट क्षतिपूर्ति पाउनुपर्छ भन्ने मागलाई उसले स्पष्टसँग राखेको छ। साथै, जलवायुका मुद्दामा संयुक्त राष्ट्रसंघमा नेपालले नेतृत्व गर्नुपर्ने कुरामा पनि उसले जोड दिएको छ र यसलाई सरोकारवालाहरूले सकारात्मक भनेका छन्। यद्यपि उसका वाचाहरूमा पनि मापनयोग्य स्पष्टता देखिएको भने छैन।

बरु राष्ट्रिय पार्टीको कानुनी मान्यता पाएर पनि आम जनताबीच 'मधेशकेन्द्रित दल'को पहिचान हटाउन नसकेको जनता समाजवादी पार्टीले जलवायु परिवर्तनलाई टड्कारो रूपमा मुखरित गर्न सकेको छैन।

***आश गर्ने ठाउँ छ त ?***

यी त भए घोषणाका कुरा । तर कार्यान्वयनका सन्दर्भमा भने सबै सशंकित छन्। 'यो त सबै औपचारिकता मात्र हो । त्यो पनि अहिले चुनावकै मुखमा विश्व जलवायु सम्मेलन भएको भएर पार्टीहरू जलवायुबारे लेख्न बाध्य भएका छन्' क्षेत्री भन्छन्, 'यदि दुई-चार महिनाअघि वा पछि चुनाव भएको भए अवस्था छुट्टै हुन सक्थ्यो ।' अर्कातिर, घोषणा र प्रतिबद्धता सकारात्मक नै भए पनि तिनलाई कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा पार्टीहरूले आफूलाई स्पष्ट देखाउन नसकेको रेग्मीको आरोप छ। 'समस्या विकराल छ। हरेक वर्ष सयौंको ज्यान जान्छ । तर त्यही स्तरको गहनता पार्टीहरूको घोषणामा हुन नसकेको कुरा कटु यथार्थ हो । वाचाहरू मूर्त हुन सकेका छैनन्।'

क्षेत्रीको अध्ययनमा जलवायु परिवर्तनको मुद्दाले ध्यान खिचेजस्तो देखिए पनि त्यसलाई मूलप्रवाहीकरण गर्नमा दलहरू चुकेका छन्। 'एकातिर कार्बन उत्सर्जन घटाउने कुरा छ, अर्कातिर अत्यधिक धेरै रोजगारी सिर्जना गर्ने। रोजगारी सिर्जना भनेपछि कलकारखाना खुल्ने होलान्। तिनमा हुने पेट्रोलियम उपभोग घटाउने कुरा चाहिं खोइ त ?' उनको प्रश्न छ, 'जलवायुलाई अन्य विषयबाट छुट्याएर हेरेर पनि भएन। सबै विषय आपसमा अन्तरसम्बन्धित छन् ।' त्यसैले अब कार्यान्वयन होला वा नहोला, स्पष्ट छैन भन्छन् क्षेत्री । उनको प्रश्न छ, 'अहिलेसम्म कुनै ठूला नेता तथा सांसदले जलवायु परिवर्तनको मुद्दामा निरन्तर पैरवी गरेकै छैनन् । आखिर लेख्दैमा के हुने हो र ?' तैपनि उनले आश मारेका छैनन्। 'लेखेअनुसार गरून् । बाँकी गुनासो वा प्रशंसा त्यसपछि नै गरौंला।' *(अनलाइनखबर)*




## शुभकामना !

विजया दशमी तथा शुभ दिपावली २०७९ को पावन अवसरमा सुख, शान्ति, शुस्वास्थ्य र समृद्धि एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

WiFi

**र्‍यापिड युनिक नेटवर्क प्रा.लि.**
व्यास-३, दमौली, तनहुँ
फोनः ०६५-५६५६२२, ५६५४२४

सरर....... चल्ने र सस्तो र सही समयमा सेवा प्रदायक ६ँ

**Internet**

| Mbps | वार्षिक | अर्धवार्षिक | मासिक |
|---|---|---|---|
| 10 | 10000 | 5000 | 1000 |
| 20 | 12500 | 6250 | 1250 |
| 30 | 18500 | 9250 | 1850 |

२०७९ दशै तिहारको अफर आश्विन १ गतेदेखि कार्तिक मसान्तसम्म लागु हुनेछ।

- जडान चार्ज निशुल्क ।
- प्रयोग हुने सामान सवै कम्पनीको रहनेछ।
- प्रत्येक mbps को मासिक दरमा जडान हुनेछ।

**IPTV** समेत जडान गर्नुपर्ने भएमा निम्न नम्बरहरुमा सम्पर्क गर्नुहोला।
☞ प्रधान कार्यालय, दमौली ९८०१५५८६४५, ९८०१५५८६६०, ९८०१५५८६३०,
☞ डुम्रे ९८०१५५८६६२,
☞ आँबुखैरेनी ९८०१५५८६१६,
☞ भोर्लेटार ९८०१३२०४१३
☞ खैरेनीटार ९८०१३२०४१४

मात्र रु. १०००।- मा जडान

# Aanbookhaireni Rural Municipality
## Office of Rural Municipal Executive
Aanbookhaireni-3, Tanahun

# Invitation for Bids

**First date of Publication: November 09, 2022 A.D.**

**Contract ID:AKRM/GOODS/02/079/80**

1.The Aanbookhaireni Rural Municipality invites sealed quotations from registeredSuppliers for procurement, supply, delivery and installation of Solar Street light .

2.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Aanbookhaireni Rural Municipality Office,Aanbookhaireni-3,Tanahun,065-540699, www. aanbookhairenimun.gov.np, akruralmunicipality73@gmail.com.

3.A complete set of Bidding Documents may be purchased from the Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3,Tanahun by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till [November 23, 2022 A.D] during office hours.

4.Sealed bids must be submitted to the office Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3, Tanahun by hand on or before [12:00 Noon] on November24, 2022 A.D]. Bids received after this deadline will be rejected.

5.The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [November 24, 2022 A.D and 1:00 PM at the office of Aanbookhaireni Rural Municipality Office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs. 57,827, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.0170061845400101, Account Name Aanbookhaireni Gaupalika at Machchapuchre Bank Ltd., Aanbookhaireni Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

6.If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**7.**The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# प्रचण्डविरुद्ध भोट मागेपछि गण्डकीका मन्त्री आचार्य बर्खास्त

**काठमाडौं, २१ कात्तिक ।** गण्डकीका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ऊर्जामन्त्री हरिशरण आचार्यलाई हटाउन प्रदेश प्रमुखसमक्ष पत्र पठाएका छन् ।

गोरखा-२ घर भएका आचार्यले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरुद्ध मत मागेको आरोप लागेपछि मुख्यमन्त्रीले हटाउन लागेका हुन् । मुख्यमन्त्री पोखरेलका प्रेस संयोजक भरत कोइरालाका अनुसार आचार्यलाई बर्खास्त गर्न प्रदेश प्रमुखलाई पत्र पठाइएको छ।

आचार्य २०७४ सालमा बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टी नेपालबाट गण्डकी प्रदेशसभामा निर्वाचित भएका थिए । गोरखामा आचार्यले आफूविरुद्ध मत मागेको भन्दै प्रचण्डले आचार्यविरुद्ध बाबुराम भट्टराईसमक्ष पनि गुनासो गरेका थिए। यो सूचना प्रधानमन्त्री शेरबहादुर देउवा समक्ष पनि पुगेपछि उनले गण्डकीका मुख्यमन्त्री पोखरेललाई भनेर हटाउन लगाएको स्रोतको भनाइ छ।

बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीमा रहेका उनी ४ मंसिरको प्रदेशसभा निर्वाचनमा गोरखा क्षेत्र नम्बर २ (क) बाट उम्मेदवारको आकांक्षी थिए । तर नेपाल समाजवादी पार्टीबाट फणिन्द्र



देवकोटा प्रदेशसभा सदस्य उम्मेदवार भएपछि आचार्यले स्वतन्त्र उम्मेदवारी दिएका थिए, तर पछि फिर्ता लिएका थिए।

गण्डकीमा एमालेबाट मुख्यमन्त्री बनेका पृथ्वीसुब्बा गुरुङले विश्वासको मत पुऱ्याउन नसकेर सरकार ढलेपछि कांग्रेस नेतृत्वमा सरकार बन्दा तत्कालिन जसपाबाट आचार्यले पनि मन्त्री बन्ने मौका पाएका थिए । सुरुमा अर्थ मन्त्रालय पाउनुपर्ने माग गर्दै मुख्यमन्त्रीसँग विवाद गरेका आचार्यले पछि ऊर्जा मन्त्रालयमा चित्त बुझाएका थिए । मन्त्री बनेदेखि नै मुख्यमन्त्री पोखरेल आचार्यसँग रुष्ट थिए भने आचार्यले पनि पत्रकार सम्मेलन गरेरै सरकारको विरोध गरेका थिए।

आचार्यले भने आफूलाई मन्त्रीबाट हटाउनुपर्ने कुनै कारण नरहेको बताएका छन् । 'म कुनै पार्टीमा लागेको छैन र मलाई हटाउनुपर्ने कुनै कारण पनि देखिदन' उनले अनलाइनखबरसँग भने ।

*(अनलाइनखबर)*




## डेंगीबाट बचौं:

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
-वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

तनहुँ उद्घोष दैनिककालागि प्रकाशक तथा कार्यकारी सम्पादकः उज्वल पौडेल **सम्पादकः** इश्वरी प्रसाद ढकाल, **ब्यवस्थापकः** सुर्यभक्त पौडेल, कार्यालय : व्यास नपा–२ अनशन चौतारी अगाडी दमौली, सम्पर्क : ९८४६१२०३३५ E-mail- udghoshdaily@gmail.com मुद्रण : विज्ञान पिर्न्टस, दमौली,